गाउँसभाको १७ औं अधिबेशन

# आर्थिक बर्ष २०८२-०८३

# गाउँपालिका अध्यक्ष श्री दिल बहादुर थापाद्धारा प्रस्तुत

# नीति तथा कार्यक्रम

## दुर्गाथली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## चौधारी, बझाङ्

मितिः २०८२ असार ०९ गते, सोमबार

स्थानः दुर्गाथली गाउँपालिकाको कार्यालय, बझाङ्

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पुर्ण गाउँ सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

आज म दुर्गाथली गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।स्थानीयतहको निर्वाचन सम्पन्न भई हामीले कार्य प्रारम्भ गरेको ३ बर्ष भइसकेको छ। यस अवधिमा हाम्रो कार्यसम्पादनको मुल्याङ्कन गर्ने जिम्मा आम गाउँपालिका बासीलाई छाड्ने यस गरिमामय सभामा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरबको अनुभुती गरेको छु ।

यस महत्वपुर्ण घडी संघिय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्न र आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरणको र राजनितीक परिवर्तनका लागि इतिहासको बिभिन्न कालखण्डमा भएका जनआन्दोलानमा आफ्नो जीवन हाँसी हाँसी उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्षणमा यस दुर्गाथली गाउँपालिकाको भुमिबाट ईश्वर थापा, दिपेन्द्र थापा, बिक्रम धामी, कर्ण बि.क., कर्ण धामी, झलक नेपाली, धौली बि.क. बहादुर कडायत लगायतका साहासिक योद्धाहरुले बलिदान गर्नु भएको छ । लोकतन्त्र प्राप्तिका लागि बिभिन्न चरणको आन्दोलनको क्रममा बेपता, घाईते योद्धा र पीडितहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका आन्दोलनमा नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदान प्रति उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।

**गाउँसभाका सदस्यज्यूहरुः**

गाउँपालिकाको स्थापना देखिनै लोकतान्त्रिक विधि र पद्दती अनुरुप कार्यसञ्चालन गरि छोटो समयसिमा भित्र गाउँपालिकाको सुशासन विकास र समृद्धीको जग तयार भएको छ ।स्थानीय सरकारको नेतृत्वको हैसियतमा हाम्रो पहलमा संघ र प्रदेशसरकारको समन्वयं सहजिकरण एवंम साझेदारीमा गाउँपालिकाको समग्र विकासमा तत्कालिन र दिर्घकालिन महत्वका विभिन्न आयोजना तथा परियोजनाहरु अघिबढेको हामीलाई विदितै छ तथापि सिमित श्रोत र साधानका बाबजुत गाउँबासीहरुको असिमिति आकाँक्षा परिपुर्ति गर्नु चुनौतिपुर्ण छ ।तैपनि सिमित श्रोत र असिमित जनचाहानाका बिच सन्तुलन कायम गर्दै पालिकाको दिगो विकासको लक्ष र आम गाउँबासीको चाहाना तथा राजनितिक दलहरुको प्रतिबद्धता जनप्रतिनिधीहरुको आकांक्षालाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्न क्रममा सल्लाह सुझाव र पृष्ठपोषण प्रदान गर्नुहुने साथै यस कार्यका लागि सहयोग पुरयाउनु हुने सम्पुर्ण गाउँबासी, राजनैतिक दल , नागरिक समाज राष्ट्रसेवक कर्मचारी सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**गाउँसभाका सदस्यज्यूहरु**

लोकतान्त्रिक गणतन्त्र आफैंमा जनमुखी शासन हो । स्थानीय सरकारले लोकतन्त्रको मुल्य र विधिलाई कानुन तर्जुमा सेवा प्रवाह विकास र विपद् व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेको छ । नेपालको संबिधान स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुनको व्यवस्थाले स्थानीयतहलाई नीति निर्माण विकास व्यवस्थापन स्रोत साधनको परिचान सेवा प्रवाह एवंम सुशासन र विपद् व्यवस्थापनको कार्यसुची प्रदान

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

गरेका छन । स्थानीयतह बाट प्रत्यक्ष निर्वाचित नेतृत्वलाई कार्यकारीणी विधायकी र न्यायिक अधिकार प्रदान गरि लोकतन्त्रको वैधता र विश्वासलाई जनताकै मनमष्तिकबाट अनुमोदन हुने अवसर प्रदान गरेको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

सुन्दर समुन्नत समृद्ध पालिका निर्माण गर्न हाम्रो संकल्प समष्ट गाउँपालिका बासीको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाता प्रति गरेका प्रतिबद्धता पुरा गर्ने दिशामा हामीले आगामी आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दिगो विकासको १६ औं योजनाका परिलक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरिय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतहरुको पहिचान र परिचालन गरि समावेशी जलवायु उत्थानशिल तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध पालिका र सुखी जनताको लक्ष्य हाँसिल गर्न सार्वजनिक निजी क्षेत्र र समुदायको साझेदारी विकासमा हामी कटिबद्ध छौं । गाउँपालिकालाई उत्कृष्ट गन्तव्यका रुपमा स्थापना गर्ने स्वच्छ सफा र सुन्दर पालिकाको पहिचान कायम राखेर योजनाबद्ध रुपमा बस्ती विकासलाई यस नीति तथा कार्यक्रममा प्रमुख प्राथमिकताका रुपमा लिएको छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

आगामी आ.ब. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम देहायका बिषयहरुलाई आधार लिएको छु ।

- नेपालको संबिधान, २०७२
- राज्यले निर्देशक सिद्धान्त र नीतिहरु
- संघीय नीति तथा कार्यक्रम
- १६ औं योजनाका परिलक्षित उद्देश्यहरु
- सुदूरपश्चिम प्रदेशको नीति तथा कार्यक्रम
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिगदर्शन, २०७४
- राज्यका दीर्घकालिन लक्ष र उद्देश्यहरु
- दिगो विकासका १७ वटा लक्षहरु
- दुर्गाथली गाउँपालिकाको आवधिक योजना
- दुर्गाथली गाउँपालिकाको मध्यकालिन खर्च संरचना

प्रस्तुत नीति तथा कार्यमको सफलतापूर्वक कार्यान्वयन तथा लक्षित उद्देश्य प्राप्त गर्नका लागि देहाय बमोजिमको क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

क्षेत्रगत नीतिहरु

### क) भौतिक पूर्वाधार विकास

१. गाउँपालिकाले शुरु गरेका तथा ठेक्का प्रक्रियामा रहेका अधुरा योजनाहरुलाई प्राथमिकतामा राखी आगामी आर्थिक बर्षमा सम्पन्न हुने गरि कार्यान्वयन गर्ने नीति लिइएको छ ।

२. पालिकाको गौरबको आयोजना गाउँपालिका प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा रहेकाले आवश्यक बजेटको व्यवस्था गरि यसै आ.ब.मा पालिका भवन सम्पन्न गरि यसै आ.ब.बाट प्रशासनिक भवनबाट सेवा प्रवाह गरिनेछ ।

३. प्रदेश सरकारको सहयोगमा मौरीबगर देखि गा.पा. कार्यालय सम्मको ४ कि.मि. कालोपत्रे सडकको कार्य सम्पन्न हुन थोरै मात्र काम बाँकी रहेकाले छिटो सम्पन्न गर्न आवश्यक पहल गर्ने र पालिकाबाट अगाडी ६०० मि. सडक कालोपत्रे छिटो छरितो गर्नका लागि पहल गरिने छ।

४. चौधारी-मौलाली-देउलेख-विनायक-चुवाबन सडको स्तरोन्नतीका लागि पालिकाका तर्फबाट पहल भई विनियोजन भएको बजेट छिटो कार्यान्वयन गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ ।

५. यसै आ.ब.मा गैरा-चिमाडा-सेलागाउँ सडक, तिलेली-बाइकाट्टे सडक, काँडागाउँ सडक, गमलागाउँ-डाँडा सडक, प्राथमिकताका आधारमा स्रोतको व्यवस्थापन गरि पालिकाको स्काइभेटरले सडक निर्माण कार्य अगाडी बढाईनेछ ।

६. गाउँपालिका भित्रका मुख्य सडक र शाखा सडकहरुको ऐतिहाँसिक तथा स्थानीय पहिचान झल्कने गरि नामाकरण गरिनेछ ।

७. पालिका भित्रका विभिन्न झोलुङ्गे पुल निर्माणको नीति लिईएको छ ।

८. गाउँपालिका भित्रका सडकको मर्मत कार्यलाई प्रभावकारी बनाउन मुख्य-मुख्य सडकहरु १२ ऐ महिना सञ्चालन हुने गरि मर्मत सम्भार गरिनेछ ।

९. वडा नं. ३ र ४ मा विद्युतलाई स्तरोन्नती गरिने छ ।

## ख)आर्थिक विकास

### अ) कृषि विकास

१. कृषिलाई आर्थिक बृद्धि र रोजगारीको प्रमुख सेवाहरुको रुपमा विकास गर्न रैथाने बाली उत्पादन तथा व्यवसायीकरणका लागि बजेट व्यवस्था गरिनेछ ।

२. यस आर्थिक बर्षबाट एउटा वडा २ वटा रैथाने बाली पकेट कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बाली पकेट कार्यक्रम उत्पादनका आधारमा प्रोत्साहन र अनुदानको नीतिलाई जोड दिंदै स्थानीय उत्पादनलाई संरक्षण र प्रबर्द्धन गर्न गा.पा. भित्रका परम्परागत अन्नबाली कोदो, फापर, गुधौली धान, थापाचिनी धान, परापुलो धान, जौ, कागुनो, मार्से, तिल, गत, मास, भटमास, अम्ला, तिर्कुलो, बेसार खेती, गहुँ प्रबर्द्धन कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४. अम्ला, रिठालाई कटानी फडानी गर्न नपाइने नीति लिएको छु ।

५. एक घर एक करेशाबारी, एक घर एक फलफुल बोटको नीति लिएको छु ।

६. टिमुर, कपासलाई व्यवसायिक खेती गर्ने र बाँदर प्रभावित क्षेत्रमा तोरी, बेसार र अदुवा खेती गर्ने नीति लिएकोछु ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

७. व्यवसायिक तथा सामुहिक खेतीमा जोड दिंदै कृषकलाई प्रोत्साहन गर्ने उत्कृष्ट कृषि (व्यक्ति, फर्म) लाई पुरस्कार तथा सम्मान गरिनेछ ।

८. कृषकले कृषि कार्यका लागि जग्गा लिजमा लिन चाहेमा गा.पा.ले सरकार प्रति जग्गालाई लिजको लागि आवश्यक नीति योजना निर्माण गरि लिजमा लिने व्यवस्था गरिनेछ ।

९. कृषि उत्पादनलाई पालिकाले ढुवानी अनुदानको नीतिलाई निरन्तरता दिएको छ ।

**आ) पशु विकास**

१. पशुपन्छिबाट विभिन्न माध्यमबाट मानिसमा सर्न सक्ने जुनेटिभ रोगहरुबारे अध्ययन अबलोकन (Case Study) कार्यक्रम सञ्चालन गरिने छ ।

२. पशुपन्छिको गुणस्तरिय उपचार सेवाका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।

३. कृषकलाई गुणस्तरिय प्राविधिक सेवा उपलब्ध गराईनेछ ।

४. कृषकलाई निर्वाहमुखी पेशाबाट व्यवसायिक पेशामा लैजान पालिकास्तरिय कृषि तालिमको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

**इ) सिँचाई**

१. गा.पा. भित्रका खेतीयोग्य जमिनमा साना मझौला ठुला सिँचाई, लिफ्ट सिँचाई योजना निर्माण मर्मत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२. पालिकाका आवश्यक ठाउँमा सिँचाई पोखरि निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**ई) सहकारी तथा रोजगार प्रबर्द्धन कार्यक्रम**

१. सहकारीसँग सहकार्य गर्ने मुल उद्देश्यका साथ यस गाउँपालिकाका क्षेत्रभित्र स्थापना भएका सबै सहकारी संस्थाहरुको लगत संकलन अद्यावधिक र नविकरण गर्ने कार्यलाई विशेष जोड दिँदै उक्त सहकारीलाई लागत साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिईएको छ।

२. सरकारी माध्यमबाट स्थानीय स्रोत, श्रम, साधन, सिप र पुँजीको अधिकतम परिचालन गरि आर्थिक र सामाजिक रुपान्तरण गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका सहकारी तथा वितिय क्षेत्रहरु सँग सहकार्य गरि उत्पादनमुलक कार्यक्रममा लगानी मैत्री वातावरण सृजना गरिनेछ ।

४. गाउँपालिका भित्र रहेका सहकार संस्थाको अनुगमन तथा नियमन गरि बिषयगत कार्यप्रती उतरदायि बनाइनेछ ।

**ग) सामाजिक विकास**

**अ) शिक्षा**

१. "हाम्रो पहिलो रोजाई सामुदायिक विद्यालय" भन्ने नारालाई आत्मसात गर्दै सामुदायिक विद्यालयहरुको स्तरोन्नती गर्दै आधुनिक र प्रविधियुक्त बनाईदै लिने नीतिको निरन्तरता लिएको छ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

२. यसै आ.ब.बाट बाल विकास केन्द्र र एक कक्षालाई स्मार्ट कक्षा निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
३. यसै आ.ब.बाट कम्प्युटर नभएका विद्यालयहरुमा कम्प्युटर उपलब्ध गराउनका लागि बजेटको व्यवस्था गरिनेछ ।
४. गाउँपालिकाले निर्माण गरेको ४५ बुंदे शैक्षिक क्यालेन्डरलाई कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
५. यसै आ.ब.बाट ४ देखि ९ कक्षा सम्मका विद्यार्थीको बार्षिक परिक्षा पालिकास्तरिय गरिनेछ ।
६. शुक्रबारबारे कार्यक्रमलाई रचनात्मक, व्यवहारिक, प्रयोगात्मक परियोजनामा आधारित बनाउँदै सृजनशिल शिक्षाको आधारको रुफमा कार्यान्वयन गरिनेछ ।
७. अध्यक्ष सँग विद्यार्थी र अभिभावक कार्यक्रमलाई विकास गरि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ तथा अभिभावकहरुलाई सामुदायिक विद्यालयप्रती अपनत्व बोध गर्न विद्यालयस्तरमा शैक्षिक बहस कार्यक्रम सञ्चालन गर्ने नीति लिएकोछु ।
८. शिक्षाको गुणस्तर सुधार तथा विकासका लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, अभिभावक, जनप्रतिनिधी तथा सम्बद्ध शैक्षिक सरोकारवाला सँग आवश्यक सम्वाद छलफल सहकार्य तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरि थप जिम्मेवार बनाइनेछ ।
९. आफ्ना गाउँमी आफ्नै डाक्टर भन्ने नाराका साथ अध्यक्ष छात्रवृती कार्यक्रमलाई निरन्तरता दिएको छु
१०. गा.पा.भित्र आगामी आ.ब.मा उच्च शिक्षा अध्ययनका लागि सामुदायिक बहुमुखि क्याम्पस स्थापना गर्ने पहल गर्न आवश्यक बजेट विनियोजना गरिनेछ ।
११. गुणस्तरिय शिक्षालाई प्राथमिकता दिंदै यसै बर्ष देखि आबाशिय विद्यालयका लागि अध्ययन अनुसन्धान गरिनेछ ।
१२. शैक्षिक गुणस्तर अभिवृद्धी गर्नका लागि पालिकास्तरिय कार्याशाल गोष्ठी सञ्चालन गरिनेछ ।

**आ) युवा तथा खेलकुद**

१. युवाहरुले आर्जन गरेको ज्ञान र सिपको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशिलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत भएका रैथाने बाली नबप्रबर्द्धनशिल लगायतका प्रोत्साहनमुखि कार्यक्रमसँग आबद्ध गरिनेछ ।
२. युवा उद्यमशिलताको विकासका कार्यक्रमहरु मार्फत "युवालाई विदेश हैन बिजनेश" भन्ने भावना जागृत तुलयाई स्वरोजगार उन्मुख तुल्याईनेछ ।
३. युवा बेरोजगारीको न्युनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा नीजि क्षेत्रकी समन्वयं र सहकार्यमा सिप तथा उद्यमशिल क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
४. गा.पाको गौरबको रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारि गरिनेछ ।
५. वडा नं. २ को खड्केली खेल मैदानका लागि DPR गर्ने काम अगाडी बढि सकेको यसै आ.ब.बाट निर्माण कार्य अगाडी बढाइनेछ ।
६. गा.पा. कप अन्तरगत पालिकास्तरिय खेलकुद सप्ताहलाई निरन्तरता दिइनेछ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

इ) स्वास्थ्य तथा आयूर्बेद

१. नेपालको संबैधानिक व्यवस्था अनुरुप नागरिकको स्वास्थ्य सम्बन्धि मौलिक हक र आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चितता गर्न प्रतिकारात्मक, उपचारात्मक तथा प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक सेवालाई जोड दिइनेछ ।

२. Zero Home Delivery (सुन्य होम डेलिभरी ) वडा बनाउन गर्भवती, सुत्केरी महिलालाई पालिका भित्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

३. ८ महिना पुगेका गर्भवती आमाहरुलाई पालिका भन्दा बाहिर एम्बुलेन्समा लाग्ने भाडामा ५० प्रतिशत छुट दिने नीतिको निरन्तरता दिएको छु ।

४. ७० बर्ष पुगेका र स्व. भन्दा माथिका बिरमीहरुका लागि एम्बुलेन्समा लाग्ने भाडामा ५० प्रतिशत छुट दिने नीतिको निरन्तरता दिएको छु ।

५. १००० दिन (गर्भ देखि २ बर्ष सम्मको बच्चा) को आमा र बच्चालाई उपाध्यक्ष कोशेली कार्यक्रमलाई निरन्तरता दिएको छु ।

६. अध्यक्ष स्वास्थ्य कार्यक्रम अन्तरगत दम, सुगर, प्रेसरका बिरामीहरुलाई महिनाको अन्तिम शुक्रबार निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने नीतिलाई निरन्तरता दिएको छु ।

७. आयूर्बेद,योग, पञ्चकर्म एवंम बैकल्पिक चिकित्साको विकासका साथै स्थानीयस्तरमा उपलब्ध औषधिजन्य खनिजको पहिचान संकलन, संरक्षण र प्रवर्द्धन गरिनेछ ।

८. स्वास्थ्य क्षेत्रमा सुशासन प्रणालीलाई कायम गर्न स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गरिनेछ ।

९. वडा नं. १ आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई चौधारी स्वास्थ्यचौकीमा मर्ज गरि चौधारी स्वास्थ्य चौकीलाई हाल रहेको पालिका भबनमा स्थापना गर्ने र डाक्टर (MBBS) सहितको सेवा प्रदान गर्न पहल गरिनेछ र वडा नं. २,३,४ का स्वास्थ्य संस्थाबाट आवश्यक कर्मचारी व्यवस्थापन गरि २४ घण्टे सेवा सञ्चालन गरिनेछ ।वडा नं. १ को वडा कार्यालय वडा नं. १ स्थित हाल रेहो आधारभुत स्वास्थ्य सेवा केन्द्रमा सञ्चालन गरिनेछ ।

१०. पूर्ण खो सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. पोषणयुक्त गाउँपालिका तथा बोर्ड घोषणा कार्यक्रमको लागि रणनीतिक कार्ययोजना कार्यान्वयन गरिनेछ ।

ई) खानेपानी तथा सरसफाई

१. एकघर एकधाराको नीतिलाई नियमित रुपमा अबलम्बन गर्दै खानेपानीको जटिलतम समस्याको तत्कालिन अल्पकालिन र दीर्घकालिन समाधानका लागि स्रोतहरुको खोजि गर्दै खानेपानीको निर्माण तथा सञ्चालन कार्यलाई थप व्यवस्थि बनाउँदै लगिनेछ ।

२. गा.पा. भित्र रहेका खानेपानीका मुहान सिमसार क्षेत्रको संरक्षण गर्दै स्रोतहरुबाट खानेपानीको आपुर्ती गर्ने प्रबन्ध गरिनेछ ।

३. पालिकाभित्रका घर सरकारी कार्यालय विद्यालय भवन सार्वजनिक स्थलमा २ खाल्डा (कुहिने र नकुहिने) निर्माण गरि सरसफाइ अभियान संचालन गरिनेछ ।

४. लिफ्टिङ खानेपानी आयोजनाहरुलाई विद्युतीकरण गर्ने नीति लिएको छु ।

गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बाजुरा
सुदूरपश्चिम प्रदेश नेपाल

**उ) लैंगिक समानता तथा महिला सशक्तिकरण बालबालिका, दलित, अपाङ्ग भएका व्यक्ति जेष्ठ नागरिक सम्बन्धि नीति**

१. महिलाका बिरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा, र शोषणको अन्त्य गरिने नीतिलाई विभिन्न विभेदमा शोषणमा परेका पीडित महिलाको पक्षमा पालिकाले निःशुल्क कानुनी सहयताको नीति निरन्तरता दिएको छ ।

२. महिला हिंसाका बिरुद्ध महिला सशक्तिकरण तथा उद्धम विकास कार्यक्रम संचालन गरिनेछ ।

३. सरकारको बालमैत्री स्थानीय शासन, राष्ट्रिय रणनीति, २०७४ बमोजिम नेपाललाई सन् २०३० सम्म बालमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य अनुरुप यस दुर्गाथली गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तथा योजना ल्याईनेछ ।

४. स्थानीयतहमा अपाङ्गको पहिचान गरि परिचय-पत्र वितरण कार्यलाई थप प्रभावकरी बनाउन अपाङ्ग एप्स निर्माण गरि त्यसको कार्यान्वयन गरिनेछ ।

५. एकल महिलाहरुका लागि सिप विकास कार्यक्रम सञ्चालन गरिने छ ।

**ऊ) सामाजिक सुरक्षा तथा संरक्षण**

१. अनाथको अभिभावक गाउँपालिका भन्ने मान्यताका साथ पालिकाका अनाथ असहाय, व्यवारिसे, अशक्त बालबालिकाको शिक्षा, स्वास्थ्य र आवासको व्यवस्था गर्ने नीतिको निरन्तरता लिएको छु ।

२. सामाजिक सुरक्षा भतालाई घुम्ती बैंक सेवामार्फत वडाको केन्द्र वा पालिकाले तोकेको पायक पर्ने स्थानमा वितरण गर्ने नीतिलाई निरन्तरता दिएको छु ।

३. आयोडिनयुक्त नुनलाई पालिकाबाट सहकारीलाई ढुवानी अनुदान दिने नीतिलाई निरन्तरता दिएको छु ।

४. जनयुद्ध तथा जनआन्दोलनमा ज्यान आहुती गर्नु हुने महान शहिद परिवारलाई महिनाको ३००० घाईते योद्धालाई मासिक १५०० निर्वाहभताको नीतिलाई निरन्तरता दिएको छु ।

५. दलित समुदाय लक्षित विभिन्न सिपमुलक र जनचेतनामुलक कार्यक्रमको नीतिलाई निरन्तरता गरेको छु

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

ए) न्याय तथा कानुनी परामर्श सम्बन्धी

१. नेपालको संबिधान २०७२ ले परिकल्पना गरे अनुसार स्थानीय अदालतका रुपमा न्यायिक समितिबाट हुने न्याय निरुपणलाई गाउँपालिकाबाट सर्बसुलभ र छिटो छरितो रुपमा सम्पादन हुँदै आएको र न्याय निरुपणको कामलाई थप प्रभावकारी बनाउने नीति लिईनेछ ।

२. न्यायिक समितिले यस गाउँपालिकाका वडाका मेलमिलाप समितिको क्षमता विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।

**घ) बन वातावरण र बिपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन**

१. गाउँपालिकाबाट सञ्चालन हुने प्रमुख आयोजनाको कार्यान्वयन गर्दा वातावरणीय अध्ययन गर्नका लागि आवश्यक कानून बनाई कार्यान्वयन गरिनेछ ।

२. गाउँपालिका भित्रका ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदिजन्य पदार्थहरुको अनाधिकृत दोहनलाई नियन्त्रण गरि व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक कानुन बनाई कार्यान्वयनमा ल्याईनेछ ।

३. बिपद् जोखिम न्यूनिकरण व्यवस्थापन तथा जलवायू उत्थानशिलता योजना तर्जुमा गरि स्वःअनुसार बिपद् पुर्वतयारी, बिपद् न्यूनिकरण प्रतिकार्य र पूनर्स्थापना कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

४. खाली जग्गामा बृक्षारोपण, हरियाली प्रबर्द्धन तथा बनको संरक्षण र हरियालीमा सुधार गरि जल-जमिन तथा बातावरण संरक्षण कार्यक्रम बृद्धिमा लागिनेछ ।

ङ) उद्योग, बाणिज्य, पर्यटन तथा संस्कृती

अ) उद्योग तथा बाणिज्य

१. गाउँपालिका भित्रका साना तथा मझौला उद्योग स्थापना गर्ने नीतिलाई प्राथमिकता दिइनेछ ।

२. हातेहोजियारी लगायत सिपमुलक तालिममा महिलाहरुको सशक्त सहभागिता गराइ साना उद्योगका रुपमा विकास गर्न पहल गरिनेछ ।

३. यस आ.ब.बाट सुरु भएको अल्लोभाङ्गो प्रशोधन तथा प्रबर्द्धन कार्यक्रममा महिलालाई थप तालिम व्यवस्था मिलाई स्थानीयस्तरमै सिप सिकाई रोजगारी सृजना गरिनेछ ।

आ) पर्यटन तथा संस्कृती

१. परम्परागत रुपमा चलि आएका धार्मिक चाँडपर्व, स्थानीय मेलाहरुको व्यवस्थापन र प्रबर्द्धन गर्ने नीतिको निरन्तरता गरेकोछु ।

२. स्थानीयस्तरमा प्रयोग गरिने बाजाहरुको संरक्षण र विस्तार गर्ने नीतिलाई यस बर्ष पनि निरन्तरता दिएकोछु ।

**च) योजना तर्जुमा तथा अनुगमन नीति**

१. दीर्घकालिन सोच र पालिकाको प्राथमिकताका आधारमा योजना तर्जुमा गरिनेछ ।

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

२. अल्पकालिन मध्यकालिन र दीर्घकालिन गरि ३ भागमा आयोजनाको बर्गिकारण गरि मुल्याङ्न, छनोट तथा प्राथमिकरण गर्दै पालिकाको श्रोतबाट सह-लगानी र समपूरक अनुदान, बिशेष अनुदानका कार्यक्रम सञ्चालन हुने गरि आयोजनाको छनोट गर्ने नीतिको निरन्तरता लिएकोछु ।

३. चुस्त अनुगमन तथा सुपरिवेक्षण, सार्वजनिक निकायमा व्यवस्थापन परिक्षण भन्ने भनाईलाई सार्थक तुल्याउन कार्यालय तथा मातहतका निकायहरुको काम कारबाहीलाई प्रभावकारी तथा परिणाममुखी बनाउन कडाईका साथ अनुगमन गर्ने नीतिलाई निरन्तरता लिईनेछ ।

**छ) राजस्व तथा आन्तरिक नीति तथा कार्यक्रम**

१. आन्तरिक आय श्रोतहरुको सम्भाबना अध्ययन, रावश्व बाँडफाँड अन्तरसरकारी बितिय हस्तान्तरण तथा गै.स.स.को श्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकार निकाय तथा गै.स.स. र विकास साझेदारसँग परामर्श समन्वयं र साझेदारी गर्दै जाने नीति लिएकोछु ।

२. करको दर सम्भब भए सम्म न्यून गर्दै करको दायरा बिस्तार गर्ने नीति लिइनेछ । प्रगतिशिल कर प्रणाली अबलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।

३. गाउँपालिकाको आन्तरिक राजश्व अभिबृद्धका लागि करका नयाँ सम्भाब्य क्षेत्रहरु पहिचान गरिनेछ ।

४. ढुङ्गा, गिट्टी र बालुवा जस्ता नदिजन्य पदार्थको करको दायरामा ल्याइ गाउँपालिकाबाटै उत्खनन् र बिक्रि गर्ने बिधि अबलम्बन गरिनेछ ।

५. करदाताहरुलाई आफुले तिर्नुपर्ने करको दायित्व र कर तिर्ने समयमै जानकरी दिन निजहरुको नम्बरमा बिद्युतिय प्रणालीद्धारा सन्देश प्रबाह गर्ने नीति लिइनेछ ।

६. कर प्रशासनलाई सुचना प्रविधिमैत्री, करदातामैत्री तुल्याउँदै लगिनेछ ।

**ज) प्रधानमन्त्री रोजगार कार्यक्रम**

१. सबै खाले कामको समानताका लागि श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ ।

२. रोजगारीमा खटिनुपुर्व सबै श्रमिकहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्न आगामी आर्थिक बर्षमा स्थानीय आवश्यकताका आधारमा ७ वटै वडामा कार्यक्रम संचालन गरिनेछ ।

४. गाउँपालिकाको ५ बर्षे स्थानीय रोजगार रणनीति तयार गरि कार्यान्वयन गरिनेछ ।

**झ) बेरुजु**

**१. यस गाउँपालिकाको हाल सम्मको अद्यावधिक कायम रहेको बेरुजु महालेखा परिक्षकले दिएको सुझाव अनुसारले आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन लेखा समितिको कार्यालय संचालन कार्यविधि र बेरुजु फरेछ्यौट कार्यविधिलाई यसै अधिबेशनमा जारी गरिनेछ । हालसम्म कायम भएको बेरुजु फछ्यौंट बर्षका रुपमा प्राथमिकता दिइनेछ । यसका लागि गाउँसभा अन्तरगत रहेका सार्वजनिक लेखा** समितिलाई गठन, पुनर्गठन गरि क्रियाशिल बनाइनेछ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँसभाका सदस्यज्यूहरु,

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सुशासन, सामाजिक न्याय, उत्पादन तथा उत्पादकत्व बृद्धि रोजगारी सृजना भई गाउँपालिकाको आर्थिक समृद्धी र जीवनस्तरमा गुणात्मक सुधार आउने अपेक्षा गरेको छु। प्रस्तुत नीति तथा कार्यक्रम दुर्गाथलीको भविष्यको मार्गदर्शन दस्तावेज हो । पालिकालाई समृद्ध बनाउन सबै गाउँपालिकाबासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपुर्ण भुमिका छ । यो नीति तथा कार्यक्रम पालिकाका सरकारी, गैर-सरकारी, सहकारी लगायत विकासका सबै साझेदार पक्षहरुको लागि मार्गचित्र हो । यस गरिमामय सभामा पेश भएको नीति तथा कार्यक्रम तयार गर्न मार्गदर्शन गर्ने एवंम सुझाव तथा पृष्ठपोषण गर्नुहुने नेपाल सरकार, सुदूरपश्चिम प्रदेश, सरकारी निकाय, साझेदार क्रियाशिल राजनितिक दल र नीति तथा बजेट सँग तदाम्मे गर्दै व्यवहारिक र बस्तुपरक नीति छनोटमा सहयोग गर्नुहुने पालिकाका उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक, वडाका अध्यक्ष, नागरिक समाज, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संघसंस्था र गाउँबासी आमा,बुवा, दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दै गाउँबासीको न्यायको अपेक्षा र चाहानाको प्रतिबिम्ब हुने गरि नागरिकको सबैभन्दा नजिकको अभिभावक र सरकारको भुमिका निर्वाह गर्ने दिशामा गाउँबासी र सम्पूर्ण सरोकारवालाबाट भएको साथ, सहयोग, सहकार्य र समन्वयंका लागि हार्दिक धन्यवाद प्रकट गर्दछु । साथै आगामी दिनमा यहाँहरुको निरन्तर सहयोग रहनेछ भन्ने बिश्वास व्यक्त गर्दछु ।

दिल बहादुर थापा
अध्यक्ष
२०८२ असार ०९ गते सोमबार

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल